बलुवाटार, काठमाडौं
फोन नं.: ४४४३८७८
E-mail: nrbkbo@ntc.net.np
Web Sites: www.nrb.org.np
फ्याक्स : -९७७ १ ४४४३८७८
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## वैकिङ्ग कार्यालय

पत्र संख्या : बैं प्र.१ (जनशक्ति) / /०७२/०७३

मिति : २०७२।०५।१५

श्री सबै बैंक तथा वित्तीय संस्थाहरु ।

बिषय :- गत आ.व. का भुक्तानि हुन बाँकि चेकको सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा महालेखा नियन्त्रकको कार्यालय, कोष प्रशासन शाखाको प.सं. २०७२।७३, च.नं. ३८, मिति २०७२।५।११ को पत्रबाट अनुरोध भई आए अनुसार गत आर्थिक वर्ष २०७१।७२ मा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट जारी गरिएका धेरै चेकहरु २०७२ श्रावण मसान्तसम्म पनि भुक्तानि हुन बाँकि देखिएको, २०७२ बैशाख १२ गतेको भुकम्पको कारणले कतिपय कार्यालय र बैंकमा क्षति पुगेको एवं एउटा बैंकको काम अर्को बैंकमा थप भएको समेतले गर्दा चेक भुक्तानीमा समस्या देखिएकोले २०७२ असार मसान्तसम्म को.ले.नि.का.बाट जारी भई ३० दिन भित्र सम्बन्धित बैंकमा पेश भइसकेको तर बैंकको आन्तरिक प्रकृयागत कारणले समयमा भुक्तानी हुन नसकेका र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट जारी गरिएको फाराम नम्बर १ मा परेका चेकहरु २०७२ साल भाद्र २५ गते भित्र पून: भुक्तानीका लागि पेश हुन आएमा समायोजन खाता १ (चालु खर्च खाताको), समायोजन खाता २ (पुँजीगत खर्च खाताको) र समायोजन खाता ३ (वित्तीय व्यवस्था खर्च खाताको) बाट खर्च लेखि भुक्तानी गर्ने व्यवस्था हुन र भुक्तानी गरिएको रकम सोधभर्नाको लागि को.ले.नि.का.मा प्रतिवेदन पेश हुने व्यवस्थाकालागि लेखि आएको हुनाले उपरोक्त बमोजिम ३० दिन भित्र त्यस बैंक तथा वित्तीय संस्थामा पेश भई विभिन्न कारणले भुक्तानी हुन नसकेका चेकहरुको भुक्तानी वा क्लियरिङका लागि त्यस बैंक वा वित्तीय संस्थामा अनुरोध भई आएमा सो बमोजिम भुक्तानी गर्न वा क्लियरिङकालागि प्रकृयामा लैजाने व्यवस्था गर्नु हुन अनुरोध छ। साथै, ती चेकहरु खिचिएको ३० दिन भित्र त्यस बैंक वा वित्तीय संस्थामा पहिला पेश भइसकेको भए उक्त मिति समेत प्रश्ट देखिने गरी खुलाई पठाउनु हुन समेत अनुरोध छ ।

बोधार्थ:
महालेखा नियन्त्रक कार्यालय
कोष प्रशासन शाखा

भवदिय
०७२।५।१५
(राजन विक्रम शाह)
कार्यकारी निर्देशक